## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल साउन २४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभामा विचाराधिन "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" र "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" नेपालको संविधानको धारा २०० बमोजिम फिर्ता लिन प्रदेश सभामा लेखी पठाउने। |
| २. | हेटौंडा उपमहानगरपालिका वडा नं. १७ स्थित मकवानपुर बहुमुखी सहकारी संस्था लि. हटियाको नाउँमा दर्ता स्रेस्ता कायम देखिएको साबिक हटिया-४, कित्ता नं. १८३ को ज.वि. १२-१२-२ जग्गा मध्ये ज.वि.१०-१२-२ जग्गा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा दाखिल खारेज गर्न प्रक्रिया अगाडि बढाउने । |
| ३. | "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ४. | "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |
| ५. | क. अन्तर्राष्ट्रिय मुद्रा कोषले आगामी 12-23 September 2022 मा सिङ्गापुरमा आयोजना गर्ने Macroeconomics of Climate Change विषयक तालिम कार्यक्रममा सहभागिताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव श्री महेश आचार्यको मनोनयन स्वीकृत गर्ने।<br>ख. World Association of Investment Promotion Agencies(WAIPA) को २६th Investment conference १३-१४ September २०२२ मा जेनेभा, स्वीट्जरल्याण्ड हुने कार्यक्रममा सहभागी हुन प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका प्रदेश सचिव श्री रामकृष्ण अधिकारीको मनोनयन स्वीकृत गर्ने। |
| ६. | बागमती प्रदेश भित्रका सबै मन्त्रालय/निकाय/आयोग/सचिवालय/कार्यालयको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीको लागि सम्वत् २०७९ साउन १ गते देखि लागू हुने गरी मासिक दुई हजार महँगी भत्ता दिने । |
| ७. | चितवन जिल्लाको रत्ननगरमा "आयुर्वेद औषधि उत्पादन केन्द्र" स्थापना गर्ने तथा सो केन्द्र सञ्चालनका लागि यसै प्रस्ताव साथ संलग्न अनुसूची-१ बमोजिमको संगठन संरचना, अनुसूची-२ बमोजिमको दरवन्दी तेरिज र अनुसूची-३ बमोजिमको कार्य विवरण स्वीकृत गर्ने। |
| ८. | स्वास्थ्य मन्त्रालय अन्तर्गत ६१२ जना चिकित्सक, स्वास्थ्यकर्मी लगायत जनशक्तिको २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्मको लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल साउन ९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको दशौं अधिवेशन मिति २०७९ साउन ९ गते सोमवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत एघारौं श्री सहदेव बहादुर भण्डारी (क.सं.नं.१३९४६३) लाई मिति २०७९/०४/१४ देखि लागू हुने गरी अनिवार्य अवकाश दिने। |
| ३. | अर्को संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण स्वीकृत नभएसम्म प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको कार्यालय व्यवस्थापनको लागि आवश्यक भएको कम्प्युटर अपरेटर (पाँचौ तह) पदसङ्ख्या - ४, सहायक कम्प्युटर अपरेटर (चौथो तह) पदसङ्ख्या - १, कार्यालय सहयोगी (तह विहिन) पदसङ्ख्या - ४ गरी जम्मा अस्थायी दरबन्दी ९ स्वीकृत गर्ने |
| ४. | संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण भई स्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृत नभएसम्म आ.व २०७९।०८० का लागि श्रावण १ गते देखि लागु हुने गरी सञ्चार रजिष्ट्रारको कार्यालयको यसैसाथ संलग्न अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने । |
| ५. | माननीय स्वास्थ्य राज्यमन्त्री कल्पना नेपालीलाई DOHaD WORLD CONGRESS मा सहभागिता गर्नको लागि मिति २०७९/०५/११ देखि २०७९/०५/१५ गते सम्मको क्यानेडाको भ्रमण स्वीकृत गर्ने तथा निजलाई कूटनीतिक राहदानी उपलब्ध गराउनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।